# भोजपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भोजपुर

पसं.:- २०७९।८०
च.नं:- ४४४

१ नंवर प्रदेश, नेपाल

मिति :– २०७९/१०/१६

विषय :– कार्यादेश दिइएको वारे ।

श्री आयुषा अर्गनाइजेशन प्रालि भोजपुर ।
(स्थायी लेखा/मु.अ.कर दर्ता नंवर ६०१३१९५८९)
प्रो. समिर कुमार मोक्तान संपर्क नंवर ९८५१०३२६२८
नगरपालिका वडा नंवर – ७ , भोजपुर ।

उपरोक्त विषयमा आ.व.२०७९/८० को लागि यस नगरकार्यपालिकाको कार्यालय भोजपुरवाट नगरपालिकाका देहायका सङ्कलन तथा खानी क्षेत्रवाट प्रदेश सरकारले निर्धारण गरेको दरभाउको आधारमा प्राकृतिक स्रोत ढुंगा, ग्रावेल तथा वालुवा संकलन तथा उत्खनन् गरि विक्रि वितरण गर्न मिति २०७९।०९।०५ गते सार्वजनिक रुपमा प्रकासित सुचना अनुसार तपाईले पेश गर्नु भएको शिलवन्दि दरभाउ पत्र अनुसार मिति २०७९।०९।२८ गते तपाईसंग भएको प्राकृतिक स्रोत संकलन तथा खानी सन्चालनको पट्टा र करार सम्झौतामा सङ्कलन दस्तुर र कर सङ्कलन गर्न सकिने दरको अधिनमा रहेर मिति २०७९।१०।१० गते देखि मिति २०८०।०३।३१ सम्म मान्य हुने गरि कार्यदिश दिएकोछ । अषाढ साउन र भदौ तिन महिनामा खोला तथा खानी क्षेत्रमा उत्खनन तथा संकलन गर्न सकिने छैन र यस महिनामा स्टक गरेको सामग्री मात्र विक्रि वितरण गर्न सकिने व्यहोरा यसै पत्रवाट जानकारी गरिएको छ ।

देहाय

| ठेक्का नंवर | खानी/संकलन केन्द्र वा करका शिर्षक | कवोल गरेको रकम रु | उत्खनन / संकलन गर्न पाउने परिमाण ( वार्षिक) |
|---|---|---|---|
| ३ | पिखुवा खोला सिक्तेल दोभान र पिखुवा खोला वेहेरेश्वर दोभान क्षेत्र | ५१००००।०० | २६१५ घमि |

नोटः कवोल रकम रु ५,१०,०००।०० मध्ये ७ प्रतिशतले छुट रु ३५,७००।०० गरि वाकी रकम रु ४,७४,३०० र कवोल कवोल रकम रु ५,१०,०००।०० को अग्रिम कर रु ७,६५० तथा मु.अ.कर रु ६६,३०० र नगदै रु ४,७४,३००।०० र निवेदन दस्तुर रु १५ गरी कुल रु ५,४८,२६५ । पाँच लाख अठ्चालिस हजार दुइ सय पैसठी रुपैया दाखिला भएकोछ ।

२०७९।१०।१६
राम प्रसाद ढुङ्गेल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नंवर १ मोरङ्ग विराटनगरः जानकारीको लागी ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नंवर १ मोरङ्ग विराटनगरः जानकारीको लागी ।
श्री जिल्ला समन्वय समितिको कार्यालय भोजपुरः जानकारीको लागी
श्री जिल्ला प्रशासन कार्यालय भोजपुरः जानकारीको लागी ।
श्री जिल्ला प्रहरी कार्यालय भोजपुरः जानकारी तथा मातहतका निकायलाई जानकारी गरिदिनुहुन ।
श्री शसस्त्र प्रहरी वल टक्सार गुल्म भोजपुरः जानकारीको लागी ।
श्री आन्तरिक राजस्व कर सेवा कार्यालय भोजपुरः जानकारीको लागी ।
श्री आर्थिक प्रशासन शाखा भोजपुर नगरकार्यपालिकाको कार्यालय भोजपुरः ठेक्का नंवर ६ को वाकि वोलकवोलकर्ताको धरौटि रकम नियमानुसार फिर्ता दिनु र राजस्व आम्दानि दाखिला गर्नुहुन ।
श्री सूचना प्रविधि ईन्जिनियरः नगरपालिकाको वेवसाईटमा अपलोड गरिदिनुहुन ।
श्री १२ नंवर वडा कार्यालय भोजपुर नगरपालिकाः स्थलगत / जानकारी लिई आवश्यक सहयोगका लागि ।

अनुसुचि-२ ग

ढुङगा गिट्टी वालुवा उत्खनन बिक्रि तथा व्यव्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा ५ सँग सम्वन्धित

पट्टाको फारम

भोजपुर नगरपालिकाबाट श्री कमानसिङ्ग मोक्तान को नाती श्री चन्द्र वहादुर मोक्तानको छोरा भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ७ स्थायी घर भई हाल भोजपुर नपा वडा नंवर ७ भोजपुर मा वसोवास गर्दे आएको वर्ष ४० को समिर कुमार मोक्तानले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क १ वमोजिम / सार्वजनिक खरिद ऐन २०६३ वमोजिम शिलवन्दि दरभाउ प्रकृयावाट वढावढ गरि भोजपुर नगरपालिकाको निमित्त तपशिल वमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा तपसिल वमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस भोजपुर नगरपालिकाबाट शिलवन्दि दरभाउपत्र /वोलपत्र माग गरिए अनुसार तपाई समेतले दिनु भएको शिलवन्दि दरभाउपत्र /वोलपत्र मूल्यांकन हुँदा आ.व. २०७९/०८० को लागि रु ५१००००।०० मुअकर वाहेक अक्षेरिपि पाँच लाख दशहजार मात्रमा ठेक्का दिने गरि तपाईसँग ठेक्का वन्दोवस्त गर्न मिति २०७९।०९।२८ मा यस नगरपालिकावाट भएको निर्णय अनुसार तपशिलका शर्त वमोजिम हुने गरि आय संकलन गर्न मन्जुरी भई कवुलियत गरीदिनु भएको हुँदा कवुलियत बमोजिम घटी वढी नपारी तपशिलमा लेखिए बमोजिमको मिति भित्र भोजपुर नगरपालिकालाई सम्पुर्ण किस्ता रकम रु ५१००००।०० को ७ सात प्रतिशतले छुट रकम रु ३५७००।- गरि कवोल रकमवाट छुट घटाइ वाकि रहेको एकमुष्ट रकम रु ४७४३००।०० र कवुल गरेको रकम रु ५१००००।०० को अग्रिम कर १.५ प्रतिशतले रु ७६५०।०० साथै कवोल रकमको मु.अ.कर रु ६६३००।०० र निवेदन दस्तुर रु १५।०० गरि सवै किस्ता रु ५४८२६५।०० नगदि रसिद नंवर **०००५५२०, ०००५५८५ र ०००५६०३** वाट नगदै वुझाई मिति २०७९।१०।१७ देखि २०८०।०३।३१ सम्म आ.व. २०७९/०८० को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय वमोजिमको दरमा विक्रि मूल्य वा शुल्क संकलन गर्ने कार्य गर्नुहोला । तपाईले गरिदिनु भएको संझौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी विक्रि मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसंग भएको ठेक्का तोडि तपाईको नाम कालो सूचिमा राखिने र त्यसवाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पुर्ण रकम तपाईले राखेको वैक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस भोजपुर नगरपालिकाबाट ठेक्काको पूर्जि गरिदिईएकोछ ।

तपशिल

१. सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. २०७९/८० को कवोल गरेको रकम रु ५१००००।०० को ७ प्रतिशत छुट गरि वाकि एकमुष्ट रकम रु ४७४३००।०० तथा मु.अ. कर वापतको रकम रु ६३३००।०० र अग्रिम आय कर रु ७६५०।०० गरि कुल रु ५४८२६५।०० बुझाई २०७९ साल माघ १७ गते देखि २०८० साल अषाढ ३१ गते सम्मलाई प्रचलित कानूनको अधिनमा रही भोजपुर नगरपालिकाको आय संकलन गर्ने ।

२. उक्त आय संकलन गर्नका निमित्त भोजपुर नगरपालिका क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका मालवस्तुमा सोहि सूचीमा तोकिएको दरमा बिक्रि मूल्य वा शुल्कको रुपमा आय संकलन गर्नेछु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै नगरपालिकावाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

प्राकृतिक स्रोत संकलन तथा विक्रि वितरणका प्रदेश सरकारवाट निर्धारण गरिएका करका दर

| सि.नं. | विवरण | इकाई | संकलन तथा विक्रि शुल्क दर रु |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १ | ढुंगा गिटि रोडा ग्राभेल चट्टान स्लेट | प्रति क्यू.फिट | ६।०० |
| २ | वालुवा/चिप्स | प्रति क्यू.फिट | ४।७५ |

३. सो आय संकलन गर्न भोजपुर नगरपालिकाको कार्यालयवाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर वमोजिम वाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिईनेछैन र यस कार्यालयबाटे प्रमाणित गरिए वाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

४. अन्य कुराहरु तपाई र यस नगरपालिको कार्यालय विच भएको संझौता बमोजिम हुनेछ ।

५. साधरण निर्माणमुखी नदिजन्य पदार्थको उत्खनन संकलन र बिक्रि गर्दा देहायका स्थानवाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नुपर्नेछ ।

| क्र.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | ढुंगा क्यू.मि. | ग्राभेल/गिटी क्यू.मि. | वालुवा क्यू.मि. | जम्मा |
|---|---|---|---|---|---|
| I. | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | 242.5 | 363.75 | 606.25 | 1212.5 |
| II. | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | 701.25 | 280.5 | 420.75 | 1402.5 |
| | जम्मा | 943.75 | 644.25 | 1027 | 2615 |

६. साधरण निर्माणमुखि नदिजन्य पदार्थको उत्खनन स्थलसम्म जाने र आउने मार्ग पहिचान गरि ठेकेदारले वाटो सो मार्ग प्रयोग गर्न नगरपालिकावाट अनुमति लिनुपर्नेछ । अनुमति लिएको उत्खनन स्थल र मार्गमा उत्खनन् संकलनका लागि साधनसहित प्रवेश गर्नुपर्ने भएमा नगरकार्यपालिकाको कार्यालयवाट ढुंगा गिटि वालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को अनुसुचि ३ वमोजिम प्रवेश अनुमति पत्र लिएरमात्र प्रवेश गर्नुपर्नेछ ।

७. ठेकेदारले उत्खनन् गरेको दैनिक अभिलेख देहायका विवरण अनुसार राख्नु पर्नेछ ।

| क्र.सं. | उत्खनन् गरिएको खानी / नदीको नाम | उत्खनन् गरिएको नाका/स्थानको नाम | उत्खनन् गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ता वा प्रतिनिधिको नाम र दस्तखत | अनुगमनकर्ताको नाम र दस्तखत |
|---|---|---|---|---|---|---|
| | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | | | | | |
| | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | | | | | |

८. ठेकेदारले दैनिक पटके विक्रि वा ढुवानी अभिलेख देहाय अनुसार राख्नु पर्नेछ । यसको विवरण दैनिक/साप्ताहिक/मासिक रुपमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | नदि/खानीको नाम | नाका/मार्गको नाम | मिति | पटके विक्रि विल/आदेश नं. | पटके विक्रि भएको परिमाण | विक्रि भएको पदार्थ लैजाने सवारी नंवर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | | | | | | |
| | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | | | | | | |

९. यस राजस्व संकलन संवन्धि भएको सम्झौता र पट्टामा उल्लेख गर्न छुटेका विषयमा प्रचलित ऐन, नीति, नियम, कानुन तथा राजस्व संवन्धि संवैधानिक निकाय तथा मन्त्रालय (संघिय सरकार तथा प्रदेश सरकार) वाट जारि भएका परिपत्र तथा अदालतका निर्णय वा आदेश भएमा सोहि अनुसार हुनेछ ।

ठेकेदारको तर्फवाट हस्ताक्षर गर्ने

हस्ताक्षर ..................

नामः श्री समिर कुमार मोक्तान

वुवाको नामः श्री चन्द्र कुमार मोक्तान

वाजेको नामः श्री कमान सिंग मोक्तान

ठेगानाः भोजपुर नगरपालिका वडा नंवर - ७ भोजपुर

फर्मको नामः आयोषा अर्गानाइजेसन प्रालि, भोजपुर

स्था.ले.नं./मु.अ.कर दर्ता नं. ६०१३१९५८९

मितिः२०७९।१०।१६

कार्यालयको तर्फवाट हस्ताक्षर गर्ने

हस्ताक्षर ...................

कार्यालय प्रमुखको नामः श्री राम प्रसाद ढुंङ्गेल

पदः प्रमुख प्रशासकीय अधिकृत

ठेगानाः नगरकार्यपालिकाको कार्यालय, भोजपुर

मितिः२०७९।१०।१६

साक्षिहरु

१. श्री देव वहादुर धमला भो.न.पा.-८ भोजपुर

२. श्री लदोर्चि शेर्पा अधिकृत छैठौ

मितिः२०७९।१०।१६

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि- २ ख

ढुंगा गिट्टी वालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा ५ सँग सम्वन्धित

ठेक्का सम्झौता फाराम

लिखितम श्री कमान सिंग मोक्तान को नाती श्री चन्द्र कुमार मोक्तान को छोरा श्री समिर कुमार मोक्तान भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ७ स्थायी घर भई हाल भोजपुर नगरपालिका वडा नंवर ७ भोजपुरमा वसोवास गर्दे आएको वर्ष ४० को श्री समिर कुमार मोक्तान ले तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा शिलवन्दि दरभाउपत्र वढावढ वाट ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयवाट सार्वजनिक रुपमा प्रकाशित गरिएको मिति २०७९।०९।०५ को ठेक्का नंवर ६ को सूचना बमोजिम ढुंगा गिट्टी र वालुवा उत्खनन् सङकलन तथा विक्रि वितरणका लागि तपाई समेतले पेश गर्नु भएको शिलवन्दि दरभाउ पत्र मुल्यांकन गर्दा आ.व. २०७९/०८० का लागि ५१००००।०० अक्षेरिपि रु पाँच लाख दश हजार मात्र कवोल गरी मुल्य अभवृद्धि कर वाहेक मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति २०७९।०९।२८ मा यस कार्यालयवाट निर्णय भएको हूँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा भोजपुर नगरपालिकाको तर्फवाट आय संकलन गर्ने ठेक्काको मन्जुरी भई सम्झौता गर्न उपस्थिथ भएकोछु ।

तपशिलमा लेखिए वमोजिमको शर्तमा कुनै घटीवढी नपारी कामकाज गरी मिति २०७९/१०/१६ मा कवोल गरेको रकम रु ५,१०,०००।०० वाट यस कार्यालयलाई ७ शुन्य प्रतिशतले हुने छुट पाउने रकम रकम रु ३५,७००।०० कटाई वाकि रहेको रकम रु ४७४३००।०० एकमुष्ट नगदी रसिद नंवर ०००५५२०,०००५५८५ र ०००५६०३ वाट रु ५,४८,२६५।०० भएको समावेश गरी र कुल कवोल रकमको अग्रिम कर १.५ प्रतिशतले हुने रकम रु ७,६५०।०० निवेदन दस्तुर रु १५ तथा कवोल गरेको रकम रु ५,१०,०००।०० को मु.अ.कर रु ६६,३००।०० गरि कुल रकम रु ५,४८,२६५ नगदि रसिद नंवर ०००५५२०, ०००५५८५ र ०००५६०३ वाट वुझाई मिति २०७९।१०।१७ देखि २०८०।०३।३१ सम्म आ.व.२०७९/८० को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै उजुर गर्नेछैन गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी संग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा वुझाएको छु ।

तपशिल

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व.२०७९/८० का लागि ७ सात प्रतिशत छुट पाउने रकम कटाई रु ४,७४,३००।०० र सम्पुर्ण कबोल गरेको एकमुष्ट रकम रु ५,१०,०००।०० को मुल्य अभिवृद्दि कर कवोल गरेको रकम को १३ प्रतिशतले रु ६६,३००।०० र १।५ प्रतिशतले अग्रिम कर ७,६५०।०० सहित जम्मा नगद रु ५,४८,२६५।०० वुझाई २०७९।१०।१७ गते देखि २०८०।०३।३१ गते सम्मको लागि प्रचलित कानूनको अधीनमा रही प्राकृतिक स्रोत उपयोग कर/आय संकलन गर्नेछु ।
२. उक्त आय संकलन गर्नका लागि नगरपालिका क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोहि सूचीमा तोकिएको दरमा विक्रि मूल्य सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरि नगरपालिका भोजपुरलाई अग्रिम एकमुष्ट रकम वुझाएको छु ।
३. सो संकलन गर्न नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क दस्तुर इत्यादि थप गरी लिने छैन र भोजपुर नगरकार्यपालिकावाट प्रमाणित गरिए बाहेकका

२०७९।१०।१६

प्रमुख प्रशासकीय अधिकृत

भोजपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भोजपुर
प्रदेश नं. १

रसिदहरु प्रयोग गरी आय संकलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा कलाई मन्जुर छ ।

४. नदीजन्य पदार्थहरु उत्खनन संकलन र विक्रि वितरण गर्ने शर्तहरुः

क. साधरण निर्माणमुखी नदीजन्य पदार्थहरु घाट गद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन् तथा विक्रि वितरण गर्नु पर्नेछ ।

ख. साधरण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन संकलन गरी घाटगद्दि क्षेत्रवाट विक्रि वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्वन्धमा अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्वन्धित ठेकेदारको हुनेछ ।

ग. ठेक्का कवोल गर्ने व्यक्ति वा फर्म आफुले कवोल गरेको अंकको साथै उत्खननको लागि उल्लेखित परिमाणको आधारमा विक्रि शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसावले नियमानुसार थप १३ प्रतिशत मुअक रकम समेत गरी एकमुष्ठ यस कार्यालयमा वुझाईसकेकोछु ।

घ. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ प्रदेश कानून नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा भएका अध्यायन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

ङ. ठेक्का संझौतामा उल्लेखित नदीहरुवाहेक नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रि वितरण कार्य चुरे मध्यवर्ति क्षेत्र राष्ट्रिय निकुन्ज सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुवाट गर्न पाईने छैन ।

च. विक्रि मुल्य वा दस्तुर शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

छ. नेपाल सरकार वा नगरपालिकालाई प्रचलित कानुन बमोजिम वुझाउनुपर्ने अन्य कर दस्तुर शुल्क आदी सवै ठेकेदार स्वयमले सम्वन्धित निकायमा वुझाउनु पर्नेछ । सो वापत वुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमवाट कट्टा गर्न पाईनेछैन ।

ज. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फवाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्वर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

झ. बिक्रि मुल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ वोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधरणले देख्ने गरी राख्नु पर्नेछ ।

ञ. ठेक्का सम्वन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून वमोजिम हुनेछ ।

ट. तोकिएको म्यादभित्र ठेकेदारले नगरपालिकालाई वुझाउनु पर्ने किस्ता रकम नवुझाएमा भोजपुर नगरपालिकाले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै वाकि किस्ता रकमको १० प्रतिशतका दरले व्याजसमेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ ।

ठ. भोजपुर नगरपालिकाले बिक्रि मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण समाग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाईने छैन ।

ड. प्रचलित ऐन नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

ढ. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा भोजपुर नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र राख्नु पर्नेछ ।

२०७९।१०।१६

प्रमुख प्रशासकीय अधिकृत

भोजपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोजपुर प्रदेश नं. १

संकलन केन्द्र राख्ने स्थान

| क्र.सं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

ण. आ.व.२०७९/८० को लागी निम्नानुसारको नदीजन्य सामाग्रीमा प्रति घनफिट विक्रि दरमा मुअकर वापत १३ प्रतिशत थप गरी निम्न अनुसार विक्रि मूल्य वा शुल्क संकलन गर्न पाईनेछ । साथै तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन गर्न रोक लगाईननेछ ।

त. उत्खनन संकलन तथा विक्रि गरिने साधरण निर्माणमुखी नदीजन्य पदार्थको मौजदात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम नगरपालिकाले जफत गरी लिलाम विक्रि गर्नेछ ।

थ. साधरण निर्माणमुखी नदिजन्य तथा खानीजन्य पदार्थ विक्रि वापत नगरपालिकालाई वुझाउनु पर्ने विक्रि शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

प्रति घनफिट

| नदिजन्य वा खानिजन्य पदार्थ | ठेकेदारले लिन पाउने विक्रि मूल्य वा संकलन शुल्क रु | अग्रिम कर १।५ प्रतिशत | मु.अ.कर रकम १३ प्रतिशत | कुल जम्मा |
|---|---|---|---|---|
| ढुंगा गिटि रोडा ग्राभेल चट्टान स्लेट | रु ६।- प्रति क्यू.फिट | ०।०९ | ०।७८ | ६।८७ |
| वालुवा/चिप्स | रु ४।७५ प्रति क्यू.फिट | ०।०७१ | ०।६१ | ५।४३ |

द. सामान्य निर्माणमुखी नदिजन्य उत्खनन् संकलन तथा विक्रि गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

ध. नदीवाट नदिजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पार्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

न. ठेकेदारले यस सम्झौतामा उल्लेखित सम्पुर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा नगरपालिकावाट अनुगमन हुनेछ । यस्तो अनुगमनवाट शर्त उलंघन भएको पाईएमा कार्यालयले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र यसवाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

न. साधरण निर्माणमुखि नदिजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक जैविक सामाजिक आर्थिक र सास्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रकृयाहरु अवलम्वन गरी ढुंगा गिट्टी वालुवा आदी संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

प. साधरण निर्माणमुखि नदिजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो वापत लागेको खर्च नगरपालिकामा दावि गर्न पाईने छैन ।

फ. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधरण जनताको घरजग्गा कुलो वाधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ ।

ब. कल्भर्ट सडक वाटो तथा सार्वजनिक निर्माण स्थलवाट दुवै तर्फ दुईसय मिटर भित्र निर्माण सामाग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

भ. मुख्यमार्गवाट बोल्डर ग्राभेल वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्वन्धित जग्गाधनीको मन्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय संग सम्पर्क र समन्वय राखी ठेकेदारले वाटो निर्माण गर्नु पर्नेछ ।

२०७९।१०।१३

प्रमुख प्रशासकीय अधिकृत

भोजपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोजपुर
प्रदेश नं. १

म. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि २०८०।०३।३१ सम्म विहान ८ वजे देखि वेलुका ६ वजे सम्म मात्र उत्खनन एवं. संकलन समय अवधि हुनेछ ।

य. साधरण निर्माणमुखि नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यमा एक्स्काभेटर डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

र. ठेक्का लागेको स्थानवाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्वन्धित ठेकेदारले उठाउन सक्नेछ ।

ऱ. उत्खनन पश्चात काम नलाग्ने भनि छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलवाट निकालिएको हो सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार वदलिने गरी उतखनन् गर्न पाइनेछैन ।

ल. साधरण निर्माणमुखि नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयमले उपलव्ध गराई सम्पुर्ण सुरक्षाको सतर्कतासाथ उत्खनन् तथा विक्रि प्रवन्ध मिलाउनु पर्नेछ ।

ळ. ठेक्का संझौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपार्ने गरि ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

ऴ. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि गर्नु पर्नेछ ।

व. यसमा उल्लेख भएका कुराहरुमा सोहि वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

ठेकेदारको तर्फवाट हस्ताक्षर गर्ने
हस्ताक्षर ..........
नामःश्री समिर कुमार मोक्तान
वुवाको नामः श्री चन्द्र कुमार मोक्तान
वाजेको नामः श्री कमान सिंह मोक्तान
ठेगानाः भोजपुर नगरपालिका वडा नंवर -७ भोजपुर
फर्मको नामः आयुषा अर्गानाइजेसन प्रा लि भोजपुर
स्था.ले.नं./मु.अ.कर दर्ता नं. ६०१३१९५८९
मितिः२०७९।१०।१६

कार्यालयको तर्फवाट हस्ताक्षर गर्ने
हस्ताक्षर ..........
कार्यालय प्रमुखको नामः श्री राम प्रसाद ढुंङ्गेल
पदः प्रमुख प्रशासकीय अधिकृत
ठेगानाः नगरकार्यपालिकाको कार्यालय भोजपुर
मितिः२०७९।१०।१६

साक्षिहरु
१. श्री देव वहादुर धमला भो.न.पा.- ८ भोजपुर
२. श्री लदोर्चि शेर्पा अधिकृत छैठौ